# बारागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बुधिया, बारा
मधेश प्रदेश, नेपाल
स्थापित-२०७३

पत्र संख्या : ०७८/०७९
चलानी नं: ५३८

मिति :२०७८/११/०८

**न्यूनतम रोजगारीमा सम्लग्न हुनको लागि निवेदन दिने बारे जरुरी सूचना !**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धि ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धि नियमावली (दोस्रो संशोधन), २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (पहिलो संशोधन), २०७५ को दफा १८ बमोजिम आगामि आर्थिक वर्ष २०७९/०८० मा यस बारागढी गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बरावरको न्यूनतम रोजगारीमा संलन हुने चाहने इच्छुक बेरोजगार नेपाली नागरिकहरुले १८ देखि ५९ बर्ष उमेर भएको व्यक्तिहरुले मिति २०७८ फाल्गुन ०८ गते देखि २०७८ फाल्गुन ३० गते भित्र आफूले स्थायी बसोवास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइड www.pmep.gov.np मा प्राप्त गर्न सकिने छ।

निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालयले उपलब्ध गराए बमोजिम वा प्रधानमन्त्री रोजगार कार्याक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ।

**आवश्यक कागजात :**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
- हलसाले खिचेको पासपोर्टको फोटो २ प्रति ।
- निवेदकको शैक्षिक योग्यता तथा अनुभवको कागजातको प्रतिलिपि ।
- निवेदक सहित परिवारका सम्पूर्ण शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारको अवस्था (स्वदेश/ विदेश/ स्वरोजगार) ।
- निवेदकको परिवारका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
- स्थायी वसोबास खुल्ने आवश्यक कागजपत्र प्रतिलिपि, विवाह दर्ता वा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि ।
- निवेदकको सम्पर्क नम्बर तथा बैंक खाता विवरण ।

पप्पु साह
रोजगार संयोजक

मुकेश कुमार ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्य : फारममा उल्लेखित सम्पूर्ण बिवरणहरु अनिवार्य रुपमा भर्नुपर्ने छ। अपूरो फारम मान्य हुने छैन ।